कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या १४/२०७९-०८४
मिति २०७९/९/२८ को
निर्णय प्रमाणित

बैठक संख्याः १४/२०७९-०८४

मिति २०७९ साल पुष २८ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाकाको बाह्रौं नगरसभाको मिति २०७९/०९/२९ गते बस्ने पहिलो बैठकको कार्यसूचीलाई अन्तिम रुप दिईयो ।

निर्णय नं. ३

कोहलपुर नगरपालिका वडा नं. ४ स्थित नुरी जामा मस्जिद इदगाह र करवला संचालक समितिको हकभोग चलनमा रहेको सम्पत्ति अनधिकृत कब्जाको विषयमा बृहतरुपमा छलफल भयो । सो विषयमा न्यायीक समितिले थप राय परामर्श लिई आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

निर्णय नं. ४

यस नगरपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ मा छलफल भयो । प्राप्त राय सुझावहरुलाई समेटी उक्त विपद प्रतिकार्य योजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ५

यस नगरपालिका भित्र संचालन अनुमतिका लागी माग भई आएका तपसिल बमोजिमका मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थालाई संचालन अनुमति प्रदान गर्ने ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | वडा नं. | सेवाको किसिम | बेड संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रीअगा हस्पिटल प्रा.लि. | कोहलपुर ११ | अस्पताल | १० शैया | अनुगमन प्रतिवेदन एवं समितिको बैठकको निर्णयको शर्त तोकी १(एक) वर्षका लागि अनुमति दिने । |
| २ | बाँके डेण्टल क्लिनिक | कोहलपुर ११ | क्लिनिक | - | |
| ३ | कोहलपुर आँखा उपचार केन्द्र | कोहलपुर ११ | क्लिनिक | - | |
| ४ | हिमालय अमृत अस्पताल प्रा.लि. | कोहलपुर १० | अस्पताल | १० शैया | |
| ५ | नेपाल रेडक्रस सोसाइटी उपशाखा कोहलपुर | कोहलपुर ११ | रक्तदान केन्द्र | - | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ९४/२०७९-०८०
मिति २०७९/१/२९ को
निर्णय प्रमाणित

निर्णय नं. ६

कोहलपुर नगरपालिकाको चालु आ.ब. २०७९/०८० को आर्थिक ऐन को अनुसूची ६ सि.नं. ८ मा जडीबुटी वा जिवजन्तु(प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाँख र छाला) करको हकमा प्रति ट्रिप रु ५००।– देखि ५०००।– सम्म उल्लेख भएकोमा कर असुलीमा द्विविधा उत्पन्न भएकोमा तपसिल बमोजिम दरमा कर असुली गर्ने ।

| सि.नं. | सामाग्री बोक्ने सवारी साधनको प्रकार | करको दर रु. (प्रति ट्रिप/पटक) |
|---|---|---|
| १ | साईकल/ मोटरसाईकल/ झोला | ५०० |
| २ | अटो/ तीन पाङ्ग्रे | १००० |
| ३ | पिकअप भ्यान | २००० |
| ४ | ट्याक्टर | ३००० |
| ५ | मिनीट्रक (६ पाङ्ग्रे) | ४००० |
| ६ | सो भन्दा ठुलो ट्रक/ टिप्पर | ५००० |

निर्णय नं. ७

यस नगरपालिकाको गत आ.ब. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन(LISA) का विषयमा छलफल भयो । नपुग कागजातहरु प्रणालीमा प्रबिष्ट गरी नतिजा प्रकाशन गर्ने ।

निर्णय नं. ८

कोहलपुर नगरपालिका वडा नं. १ फुलबारी टोल आर्नेको घरदेखि चन्द्र प्रकाश रेग्मीको घरसम्म पक्की नाली सहित बाटो कालोपत्रे योजना वडा नं. १ मा संचालन हुनुपर्नेमा वडा नं. ११ मा संचालन भईसकेको हुँदा सो योजना बमोजिमका कार्य वडा नं. १ मा कार्यान्वयन हुने गरी आगामी नगरसभामा पहिलो प्राथमिकतामा राखी बजेट व्यवस्थापन गरी कार्यान्वयनमा लैजाने ।

निर्णय नं. ९ बिबिध

क. यस नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७९ पौष १३ गतेको निर्णयहरु अनुमोदन गरियो ।

ख. राजस्व परामर्श समितिको मिति २०७९ पौष २८ गतेको निर्णयहरु अनुमोदन गरियो ।

ग. प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यालय लुम्बिनी प्रदेश नेपालगञ्जको सहयोग र असल शासन मिडिया प्रा.लि. बाँकेको सहजीकरणमा तयार गरिएको यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको कार्ययोजना सहितको आ.ब. २०७७/०७८ को प्राबिधिक प्रतिवेदनमा छलफल भयो । उक्त प्रतिवेदन नगरपालिकाको वेवसाईटमा प्रकाशन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर,बाँके
लुम्बिनी प्रदेश,नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ..१४/२०७९-०८४
मिति ..२०७९।९।२८.. को
निर्णय प्रमाणित

घ. कोहलपुर नगरपालिकाको वडा नं. ७ लखनवार गाउँको शिव मन्दिर परिसरमा रहेको सिमलको रुख भविष्यमा ढली मानवीय तथा भौतिक संरचनामा क्षती हुन सक्ने भएकाले उक्त रुख सिमलको रुख कटान/ व्यवस्थापनका लागी डिभिजन वन कार्यालय, बाँकेलाई सिफारिस गर्ने।

ङ. आ.ब. २०७८/०७९ को सरस्वती मा.बि भवन निर्माण कोहलपुर ८ बाँके (ठेक्का नं. BANKE/KOMUN/W/NCB-3/2078/79) र विभिन्न वडाको सडक मर्मत कार्य (ठेक्का नं. BANKE/KOMUN/W/NCB-4/2078/79) को कार्यका लागी टेण्डर भई के.आर. कन्ट्रक्सन कोहलपुर १० बाँकेले सम्झौता गरी केही कार्य गरेकोमा तोकिएको मिति २०७९/०३/२५ सम्ममा काम सम्पन्न गर्न नसकेकाले कोहलपुर नगर कार्यपालिकाको मिति २०७९/०४/११ को निर्णय नं. २(ख) तथा मिति २०७९/०५/१० गतेको निर्णय नं. १०(क) बमोजिम ६०% भन्दा कम कार्यसम्पन्न गरेको उक्त कन्स्ट्रक्सनलाई सार्बजनिक खरिद ऐन बमोजिम कारबाही गर्ने निर्णय भई उक्त फर्मको बैंक ग्यारेण्टी जफत गर्न सम्बन्धित बैंकमा पत्राचार गरिएकोमा पुनः निर्माण व्यवसायीबाट ३ महिना भित्र कार्यसम्पन्न गर्ने, ठेक्का सम्झौतामा तोकिए बमोजिमको जरिवाना तिर्ने र बजेटको व्यवस्था भएपश्चात मात्र भुक्तानी लिने प्रतिबद्धता सहित मिति २०७९/१०/२८ गते निवेदन पेश गरेको हुँदा ठेक्का सम्झौता अनुसार समयावधि सकिएको मितिदेखि प्रतिदिन ०.०५% ठेक्का सम्झौता रकम बमोजिम अधिकतम १०% जरिवाना कट्टा गरी (३)तीन महिनाभित्र कार्यसम्पन्न गर्ने र आगामी नगरसभाबाट बजेटको ब्यवस्था भएपश्चात भुक्तानी हुने गरी निर्माण व्यवसायीलाई काम गर्न दिने। हाल बैंक ग्यारेण्टी जफतको कारबाही अघि नबढाउने ।

च. कोहलपुर नगरपालिका क्षेत्र भित्र ठेलागाडा, सडक तथा फुटपाथ व्यवसायीहरुको व्यवस्थापन गर्न गठित समितिले प्रस्तुत गरेको प्रतिवेदनमा औंल्याए बमोजिम कोहलपुर नगरपालिका वडा नं. ११ एन.टि.भि. रोडको दक्षिण तर्फ कृषि हाट बजार निर्माण स्थल क्षेत्रमा फुटपाथ तथा ठेलागाडा व्यवस्थापन गर्न सुझाव दिइएको र नगरपालिकाले समेत सो व्यवस्थापन गर्ने जिम्मेवारी भएको हुँदा संरचना निर्माणका लागि कोहलपुर उद्योग बाणिज्य संघलाई चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.७,००,०००।- उपलब्ध गराउने गरी उपभोक्ता समिति गठन गरी सम्झौता गरी कार्य गर्ने ।

छ. यस आ.ब. २०७९/०८० को वडा सिलिङ्मा विनियोजित वडा सिलिङ तर्फ तपसिल बमोजिम वडा समितिबाट निर्णय भै आएको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

| वडा नं. २ (वडा समितिबाट मिति २०७९/०९/२२ मा निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | विद्यालयको अवलोकन गरी आवश्यकता अनुसार विनियोजन रु.५,००,०००।- | - चमेना गृह शिवशक्ति आधारभुत विद्यालय<br>- विभिन्न विद्यालय सहयोग | २,५०,०००<br>१,०५,००० | सि.नं. ११६ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ..१४/२०७९-०८०
मिति ..२०७९.१.८.१२८.. को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | | - मुक्ति प्रा.बि. भवन मर्मत सम्भार | १,४५,००० | |
| २ | ग्रिल र चर्च व्यवस्थापन रु.३,५०,०००।- शिवशक्ति मन्दिर प्लान स्कुल बर्दहवा मन्दिर | - चर्च मर्मत खर्च<br>- बर्दहवामा रहेको त्रिपुरेश्वर शिव मन्दिर मर्मत<br>- त्रिपुरेश्वर शिव मन्दिरको बाजा<br>- मुक्ति नगरमा रहेको शिव मन्दिरमा ग्रिल जडान<br>- विविध खर्च<br>- खेलकुद(कोहलपुर गोल्ड कप) | ५०,०००<br>१,००,०००<br>५०,०००<br>५०,०००<br>५०,०००<br>५०,००० | सि.नं.११७ |
| ३ | वडा नं. २ को विविध मर्मत. सम्भार खर्च रु.९,५०,०००।- | - विभिन्न संघसंस्था तथा सूचना संचार माध्यमलाई<br>- विभिन्न टोल विकास संस्थाको उज्यालो अभियान साझेदारी<br>- वडाको विभिन्न स्थानमा होमपाइप तथा माटो पटान<br>- विभिन्न कार्यक्रम खर्च | १,००,०००<br>४,९५,०००<br>२,६०,०००<br>९५,००० | सि.नं.१२३ |
| वडा नं. ७ (वडा समितिबाट मिति २०७९/०९/२६ मा निर्णय भएको) | | | | |
| ४ | लक्षित वर्ग कार्यक्रम रु.६,००,००० मध्येबाट | लखनवार उत्तर टोलको शिव मन्दिर परिसरमा प्रतिक्षालय निर्माण | ४,००,००० | सि.नं. १६७ |
| ५ | दिप चन्द्र पुनको घरदेखि पतिराम थारुको घरसम्म बाटो माटो पटान तथा ग्राबेल रु.३,००,०००। | कृष्ण थारुको घरदेखि भुतैया तालसम्म बाटो माटो पटान तथा ग्राबेल | ३,००,००० | सि.नं. १६९ |
| वडा नं. १ (वडा समितिबाट मिति २०७९/०९/१९ मा निर्णय भएको) | | | | |
| ६ | विद्युत पोल तथा ह्युमपाइप खरिद | वडाका विभिन्न ठाउँमा ह्युमपाईप मर्मत संभार | ३,५०,००० | सि.नं.११३ |
| ७ | अपाङ्ग लक्षित कार्यक्रमको बजेट मध्ये बाट | लागु पदार्थ बेचबिखन र यसले पारेको असर बारे चेतनामुलक कार्यक्रम | ५०,००० | सि.नं.१०४ |
| वडा नं. १५ (वडा समितिबाट मिति २०७९/०९/२८ मा निर्णय भएको) | | | | |
| ८ | वडा नं. १५ को विविध कार्यक्रम खर्चबाट – क) महिला, बालबालिका तथा जेष्ठ नागरीकहरुलाई कम्मल वितरण कार्यक्रम रु:१,८०,०००।- | - पिपलको रुखदेखि सिताराम थारुको घरसम्म दायाँबायाँ पक्की नाली निर्माण (क्रमागत)<br>- चन्नहवा गाउँको आरनको सार्बजनिक भवनको लागि शौचालय निर्माण | १,००,०००<br>८०,००० | सि.नं. २५५ बाट सि.नं. २६२ मा थप गर्ने |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत